**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०८०।०९।२३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

## देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु बलभद्र प्रसाद दास, अरविन्द कुमार सिन्हा, नन्द कुमार थापा, तुल बहादुर श्रेष्ठ, दिनेश राज दाहाल, अमित श्रीवास्तव, चेतन अग्रवाल, उमेश अग्रवाल (वि.अ. को मु.नं. ०७५-CR-०३७०)<br>वि.अ. को फैसला मिति २०८०।२।१८ | उपकरण तथा सेवा खरिद कार्यमा अनियमितता गरी भ्रष्टाचार गरेको। | क) **<u>वि.पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालिन उपकुलपति बलभद्र प्रसाद दास(वि.पी दास) को हकमा</u>**<br>डायग्नोष्टिक किट्स रि-एजेन्ट (भिडास) खरिद गर्दा रु. ७,८७,३१७/७१, डायग्नोष्टिक किट्स रि एजेन्ट (एसेन्ट २००) खरिद गर्दा रु. २४,६७,४८०/-, इलेक्ट्रिक अपरेशन मेन्टन्स मा रु. १,४०,४८,८००/- फुल्ली अटोमोटेड रोटरी माइक्रोटोन खरिद तथा मर्मतमा रु. ३३,६७,४००/- एअर कन्डिसन मर्मत तथा संचालन मा रु. २१,९३,६८०/- फेटल मनिटर डप्लर वामेर खरिदमा रु. ३८,३०,९५३/-,EMG मेसिन खरिदमा रु. १९,३९,१४०/- हाइ इन्ड कलर डप्लर सिष्टम खरिद मा रु. १८,४६,४५२/– अपरेटिङ टेवल खरिदमा रु. ४३,८०,४५४/- र ग्लोभ्स खरिद गर्दा रु ६०,३६,३४३/- समेत गरी जम्मा रु. ४,०८,९८,०१९।७१ (चार करोड आठ लाख अन्ठानब्बे हजार उन्नाइस रुपिया एकहत्तर पैसा) अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य गरी प्रतिष्ठानलाई नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को | **<u>फैसलाः</u>**<br>प्रतिवादीहरुले आरोपदावीका वस्तु तथा सेवाहरु खरिद गर्दा स्वीकृत इस्टिमेटको पन्ध्र प्रतिशत भन्दा वढी अंकका सारभूत रुपमा अप्रभावग्राही रहेका बोलपत्रहरु मूल्याङ्कनमा समावेश गर्न नपर्नेमा बदनियतपूर्वक सार्वजनिक खरिद ऐन, २०६४ को दफा २५(३) र २६(१) विपरीत बोलपत्र स्वीकृत गरी बदनियतपूर्वक सोही बोलपत्रदाताहरुसंग खरिद सम्झौता गरेका, लागत अनुमान भन्दा वढी रहेका न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र अस्वीकृत वा खरिद कारवाई रद्द गर्नुपर्नेमा बदनियतपूर्वक सोही ऐनको दफा २६(१)(ख) विपरीत सोही बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत तथा खरिद सम्झौता गरी एवं कम अंक कवोल गर्ने बोलपत्रदातालाई बोलपत्र अस्वीकृत गर्नुपर्ने कुनै आधार र कारण नखुलाई बढी अंक कवुल गर्ने बोलपत्र स्वीकार गरी ऐ.ऐनको दफा २५(५) र (७) विपरीत बदनियतपूर्वक खरिद सम्झौता गरी प्रचलित कानूनी व्यवस्था जानीजानी उल्लङ्घन गरी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हानि नोक्सानी पुऱ्याई प्रतिवादीहरु बलभद्रप्रसाद दास, अरविन्दकुमार सिन्हा र नन्दकुमार थापाले भ्रष्टाचार ऐन, २०५९ को दफा ८(१) र ८(१) (ज) बमोजिमको कसूर गरेको।<br>हानि नोक्सानीको विगो सम्बन्धमा हेर्दा, प्रतिवादीहरुले लागत अनुमान भन्दा वढी मूल्य तिरेकोसम्म देखिएको, खरिद गरिएका वस्तु तथा सेवा अस्पतालको काममा प्रयोग | क) प्रस्तुत मुद्दाका प्रतिवादीहरु बलभद्रप्रसाद दास, अरविन्दकुमार सिन्हा र नरेन्द्रकुमार थापाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५, २६ र २७ को कानूनी व्यवस्था जानीजानी अवज्ञा गरी न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत नगरी तथा स्वीकृत हुन नसक्नुको आधार कारण समेत केही उल्लेख नगरी न्यूनतम वोल अंक भन्दा माथिका बोलपत्रहरु स्वीकृत गरेबाट र स्वीकृत बोलपत्रदाताहरुसँग संझौता गरेको देखिन आएबाट प्रतिवादीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने कानूनी व्यवस्था जानीजानी पालना नगरेको कार्यबाट नै प्रतिवादीहरुको बदनियतको पुष्टि भएको देखिन आउँछ भनी फैसलाको प्रकरण नं ११७ मा उल्लेख भएको।<br>ख) **Diagnostic Kits and Regents (VIDAS) खरिद सम्बन्धमाः-**<br>○ प्रतिवादी बलभद्रप्रसाद दासले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१)(ख) बमोजिम लागत अनुमान भन्दा वढी कवोल अंक कायम भएको बोलपत्र अस्वीकृत गर्नुपर्ने वा खरिद कारवाही रद्द गर्नुपर्नेमा नगरी उक्त कानूनी व्यवस्था उल्लघंन गरी बोलपत्र स्वीकृत गरी खरिद प्रक्रिया अघि वढाई संझौता गरेको र भुक्तानी गरेको देखिएबाट प्रतिवादी बलभद्रप्रसाद दास, अरविन्दकुमार सिन्हाले विद्यमान कानुनी व्यवस्थाको जानीजानी उल्लङ्घन गरी खरिद संझौता गरी लागत अनुमान भन्दा अस्वाभाविक रुपमा वढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य गरी प्रतिष्ठानलाई रु.७,८७,३१७।७१ हानि नोक्सानी गराएकोले प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ज) को कसूर गरेको पुष्टि हुन आयो भनी फैसलाको प्रकरण नं.१११ पुष्ठ १०८ उल्लेख भएको।<br>○ प्रस्तुत विवादमा विशेष अदालतले सफाई दिएको प्रतिवादी दिनेशराज दाहालले अनुसन्धानको क्रममा तथा अदालतमा वयान गर्दा प्रतिष्ठानका लागि खरिद भएका उक्त सामाग्रीहरु खरिद शाखाबाट आदेश सहित भुक्तानीका लागि लेखी आएकाले भुक्तानी दिने कार्य गरेको मात्र हो। भुक्तानी दिने कार्य गर्दा ऐन कानून बमोजिम गरेको हो भनी वयान गरेको देखिएको अवस्थामा उक्त खरिद प्रकृयामा सार्वजनिक खरिद ऐन, नियमको प्रतिकुल रहेको भनी स्वंय अदालतले सह अभियुक्तहरु बलभद्रप्रसाद दाससमेतलाई सजाय हुने ठहर गरेको हुदा निज प्रतिवादीलाई समेत सजाय गर्नु पर्ने अवस्था देखिएको। त्यस्तै निज प्रतिवादी दिनेश राज दाहाल मूल्याङ्कन समितिमा रहेकोमा विववाद देखिदैन।स्वंय मूल्याङ्कन समितिमा रही उक्त खरिद सम्वन्धीको तथ्य सम्पूर्ण जानकारी हुदाँ हुदै गैर कानुनी सम्झौताको भुक्तानीको लागी पेश भएको जान्दा जान्दै पनि भुक्तानी नदिईदा पदीय दायित्व निर्वाह नगरेको भनी निज उपर कारवाही हुन सक्ने अवस्था नरहेको।निज प्रतिवादीलाई मूल्याङ्कन समितिमा रहेको कारण समेतवाट प्रस्तुत खरिदमा लागत अनुमान रु.२३,४६,५०९।५०(म.अ.कर वाहेक) भई भुक्तानीको लागी पेश हुदा रु.३४,३८,८७३।४५(मु.अ.कर समेत) देखिएकोवाट रु.७,८७,३१७।७१ लागत अनुमान भन्दा बढी रकम भुक्तानीको लागी पेश भएको जानकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको देखिदा निज प्रतिवादी बलभद्र प्रसाद दास (वि.पि. दास) ले हिनामिना गरेको रु. ४,०८,९८,०१९।७१ (अक्षरुपी चार करोड आठ लाख अन्ठानब्बे हजार उन्नाइस रुपिया एकहत्तर पैसा) लाई विगो कायम गरी निज प्रतिवादी बलभद्र प्रसाद दास (वि.पि. दास) लाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी ऐ.को दफा ८(१) बमोजिम विगो समेत असुल उपर गरिपाउनका साथै निज प्रतिवादीको हकमा भ्रष्टचार निवारण ऐन, २०५९ को दफा २४ समेत आकर्षित हुने भएकोले सो दफा २४ अनुसार थप सजाय समेतको मागदावी लिइएको।<br>ख) **वि.पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालिन अस्पताल निर्देशक अरविन्द कुमार सिन्हाको हकमा**<br>डायग्नोस्टिक किट्स रि एजेन्ट (भिडास) खरिद गर्दा रु. ७,८७,३१७/७१ डायग्नोस्टिक किट्स रि एजेन्ट (एसेन्ट२००) खरिद गर्दा रु. २४,६७,४८०/- इलेक्ट्रिकल अपरेसन मेन्टेनेन्स मा रु. १,४०,४८,८००/- एअर कन्डिसन मर्मत तथा खरिद मा रु. २१,९३,६८०/- , फेटल मनिटर डप्लर वार्मर खरिदमा रु. ३८,३०,९५३/- EMG मेशिन खरिदमा रु.१९,३९,१४०/- हाइइन्ड कलर डपलर सिस्टम | भइरहेको सामानको गुणस्तरमा प्रश्न समेत नउठेको, प्रतिवादीहरुले उक्त सामान नासेमासेको, निजी प्रयोगमा लगाएको वा निजी लाभ लिएको वादी दावी नरहेको, हानि नोक्सानीको विगो महालेखा परीक्षकको कार्यालयबाट समपरीक्षण भएको देखिएको हुँदा हालको अवस्थामा दावी गरिएको नोक्सानी विगोको अधिकांश आइटमको लगतकट्टा भइसकेको देखिंदा न्यायको रोहमा हानि नोक्सानीको विगो कायम गर्न मनासिव नदेखिएको अवस्था हुँदा वेरुजु देखिएका रकमहरु बाँकी भए कानून बमोजिम असूल उपर गर्न मिल्ने नै हुँदा प्रतिवादीहरु उपरको विगो कायम हुन नसकी प्रतिवादीहरु बलभद्रप्रसाद दास, अरविन्दकुमार सिन्हा र नन्दकुमार थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम १ वर्ष कैद र रु.२५,०००।- (पच्चीस हजार रुपैयाँ) जरिवाना हुने देखिएको।<br>प्रतिवादी मध्येका तुलबहादुर श्रेष्ठ, अमित श्रीवास्तव, र दिनेशराज दाहाल उल्लिखित वस्तु र सेवाको खरिद गर्ने निर्णयमा सहभागी रहेको नदेखिएको र केन्द्रिय कार्यकारिणी समितिको निर्णय बमोजिम मालसामानको भुक्तानी दिने कार्यमा संलग्न रहेकोसम्म देखिएकोले निज प्रतिवादीहरुको हकमा बदनियतपूर्वक खरिद कार्य गरेको वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकी प्रतिवादीहरु तुलबहादुर श्रेष्ठ, अमित श्रीवास्तव र दिनेशराज दाहालले आरोपित कसूरबाट सफाई पाउने।<br>प्रतिवादीहरु आपूर्तिकर्ता चेतन अग्रवाल र उमेशकुमार अग्रवालले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(४) को कसूर गरेको पुष्टि नभएकोले यी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने। प्रतिवादीहरुउपरको | हुँदा हुदै पनी निज प्रतिवादीले भुक्तानी दिएको कारण नै हानीनोक्सानी भएको पुष्टि भएको अवस्थामा खरिद प्रकृयाको मुख्य चरणको रुपमा रहेको मूल्याङ्कन समिति तथा भुक्तानीको कार्य गरेको अवस्थालाई निजको कार्य सेकेण्डरी कार्य भएको भन्ने आधारलिई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण भई वदर भागी रहेको।<br>ग) **Diagnostic Kits and Regents（Accent-200）खरिद सम्बन्धमाः**<br>○ Diagnostics kits and regents (accent-200) खरिद गर्न रु.९०,५०,७७४।९० को लागत अनुमान तयार गरी बोलपत्र आह्वानको लागि २०७०।०४।२९ मा सूचना प्रकाशन भएकोमा दुई आपुर्तिकर्ताहरुले टेन्डर दर्ता गराएको मा बायोसिस्टम नेपाल प्रा.लि.ले रू.६७,७६,९६०। (२५.१२% न्युन) र Diagnotech support PVT. LTD ले रू.८९,७४,४४०।- (०.८४% न्युन) कबोल गरेको देखिन्छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४२(च) बमोजिम आवश्यकपर्ने नमुनाहरु बोलपत्रसाथ नै पेश गर्नु पर्ने शर्त सहित बोलपत्र आव्हान गर्नु पर्नेमा सो नगरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४२(च) को उलङ्घन गरी सार्वजनिक संस्थालाई हिनीनोक्सानी पुर्याउने वदनियतले मुल्याँकनको चरणमा मिति २०७०/०७/०८ मा नमुना पेश गर्न प्रतिष्ठानबाट बोलपत्रदातालाई पत्राचार गरीएकोमा, घटी दर पेश गर्ने बोलपत्रदाताले परिक्षणको लागि नमूना पेश नगरेको भनि न्युन कबोलकर्ताको धरौटी रू.२,७०,०००।०० समेत जफत नगरी बढी दररेट पेश गर्ने आपुर्तिकर्ताको बोलपत्र स्वीकृत गरी प्रतिष्ठानलाई बढी व्ययभार पारेको। न्यूनतम अंक कबोल गर्ने बोलपत्रदाताले कबोल गरेको अंक र बढी दर रेट कबोल गर्ने बोलपत्रदाता बीच बोलपत्रको दरमा रू.२१,९७,४८०।- फरक परेको हुँदा यस निर्णयबाट प्रतिष्ठानलाई रू.२१,९७,४८०।- र धरौटी जफत नगरेको रू.२,७०,०००।- समेत गरी जम्मा रू. २४,६७,४८०।- प्रत्यक्ष हानी पुगेकोमा विवाद नदेखिएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४२(च) तर्फ विश्लेशण नै नगरी सोही ऐनको दफा २५(५), दफा २५(७) र दफा २७(२) लाई आधार लिई सवै प्रतिवादीहरुलाई प्रस्तुत विषयमा सफाई दिने गरी भएको फैसला कानूनी व्यख्या तथा परिस्थिति जन्य प्रमाणको मुख्याङ्कनको रोहमा त्रुटी पूर्ण भई बदर भागी रहेको।<br>घ) **High End Color Doppler System खरिद सम्बन्धमाः-**<br>○ प्रतिवादीहरु मध्येका बलभद्रप्रसाद दास उपकुलपति र अरविन्दकुमार सिन्हा अस्पताल निर्देशक भइ सार्वजनिक निकायले अनिवार्य रुपमा पालना गर्नुपर्ने सार्वजनिक खरिद ऐन तथा नियमावलीको कानूनी व्यवस्था जानीजानी पालना नगरी सार्वजनिक खरिद ऐनको दफा २५(७) तथा दफा २३(२) (घ) र नियमावलीको नियम ६२(२) को कानूनी व्यवस्था उल्लघंन गरी कम अंक कवोल गर्नेलाई बोलपत्र स्वीकृत नगरी दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गरेको देखिँदा प्रतिवादीहरुको कार्य व्यवहारबाट नै प्रतिवादीहरुको बदनियत रहे भएको पुष्टि हुन आएको देखिन्छ भन्दै फैसलाको प्रकण नं.१११ पुष्ठ ११७ मा उल्लेख भएको।<br>○ सार्वजनिक खरिद नियमावली,२०६४को नियम ११ मा लागत अनुमान तयार गर्दा गत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खरिदमा रु. १८,४६,४५२/- अपरेटिङ्ग टेबल खरिद गर्दा रु.४३,८०,४५४/- र ग्लोब्स खरिदमा रु. ६०,३६,३४३/- समेत गरी जम्मा रु. ३,७५,३०,६१९/७१ (तीन करोड पचहत्तर लाख तीस हजार छ सय उन्नाइस रुपैया एकहत्तर पैसा) अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य गरी प्रतिष्ठानलाई नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको देखिदा निज प्रतिवादी अरविन्द कुमार सिन्हाले हिनामिना गरेको रु. ३,७५,३०,६१९/७१ (अक्षरुपी तीन करोड पचहत्तर लाख तीस हजार छ सय उन्नाइस रुपैया एकहत्तर पैसा) लाई विगो कायम गरी निज प्रतिवादी अरविन्द कुमार सिन्हालाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी ऐ. को दफा ८(१) बमोजिम विगो समेत असुल उपर गरिपाउनका साथै निज प्रतिवादीको हकमा भ्रष्टचार निवारण ऐन, २०५९ को दफा २४ समेत आकर्षित हुने भएकोले सो दफा २४ अनुसार थप सजाय समेतको मागदावी लिइएको।<br>ग) **विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालिन रजिष्टार नन्द कुमार थापाको हकमाः** | अन्य आरोपदावी पुग्न नसक्ने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क)प्रस्तुत मुद्दाको सबै खरिद प्रक्रियामा प्रतिष्ठानका पदाधिकारी र कर्मचारी प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ञ) को कसूर गरेको भन्ने आरोपदावी रहेको। उक्त दफा ८(१) मा " कुनै राष्ट्रसेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले" दफा ८(१)(ञ) बमोजिम माल सामान खरिद गर्दा अस्वभाविक रुपमा वढी मूल्य तिरी खरिद गरेको अवस्थामा भ्रष्टाचारको कसुर हुने देखिएको। प्रतिवादीहरुले अस्वभाविक रुपमा वढी मूल्य तिरी खरिद गरेको कार्यमा अस्वाभाविक रुपमा वढी मुल्य लिने आपूर्तिकर्ता पनि खरिद प्रकृयामा संलग्न देखाइ निज समेतको मिलेमतोमा मात्र अस्वाभाविक रुपमा वढी मूल्य तिरी सामान खरिद गर्दा प्रतिवादी र आपूर्तिकर्तालाई व्यक्तिगत फाइदा हुन सक्ने। प्रस्तुत मुद्दामा डायाग्नोष्टिक किट्स रियजेन्ट (VIDAS) का बोलपत्रदाता सिसाज ट्रेडिङ्ग प्रा.लि. का सरसप्रसाद श्रेष्ठ, डायनोष्टिक किट्स एण्ड रियजेन्ट (accent 200) को आपूर्तिकर्ता डाइग्नोटेक सर्पोट प्रा.लि.का सुशिल थापा, High End Colour Doppler System का आपूर्तिकर्ता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.का सुदेशकुमार, EMG, मेशिनका आपूर्तिकर्ता क्यापिटल इन्टरप्राइजेजका जयकृष्ण श्रेष्ठ, इलेक्ट्रिकल अपरेशन एण्ड मेन्टिनेन्सका आपूर्तिकर्ता माइक्रोटेक एम.एण्ड इ. प्रा. लि. | वर्षको खरिदको आधार, यस्तै सामान खरिद गर्ने संस्थाको दररेट, उद्योग बाणिज्य संघको दररेट, स्थानीय बजारमा प्रचलित दरभाउको आधारमा दररेट निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। प्रतिष्ठानबाट नियममा भएको व्यवस्थाको उलङ्घन गरी High End Colour Doppler System खरिद गर्ने प्रयोजनका लागि विभिन्न संस्थासंग लागत अनुमान प्रयोजनको लागि दररेट मागेकोमा सबैभन्दा बढी दररेट पेश गर्ने हस्पिटेक इण्टरप्राइजेजले पेश गरेको रू.१,६८,००,०००।-(USD १,९०,०००।०० Ex. Rate ८८.५५) दररेटलाई मात्र आधार मानी लागत अनुमान स्वीकृत भएको देखिन्छ, इष्टवेष्ट कन्सर्न प्रा.लि.रु.१,३८,३८,४८३।७५ (१६००७५ USD)(१७.६३% घटी) सबै भन्दा कम अंक कबोल गरेकोले सिफारिस गरेको। प्राप्त हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा घटी रू.१,३८,३८,४८३।७५(१७.६३% घटी) कबोल गर्ने East West Concern प्रा.लि.समेतले पेश गरेको बोलपत्र प्रतिष्ठानको माग र स्पेशिफिकेशन अनुसार भए नभएको बारेमा सम्बन्धित विभागको राय माग गरिएकोमा सबै भन्दा कम अंक कबोल गर्ने M/S East West Concern pvt.Ltd को बोलपत्र प्रतिष्ठानको स्पेशिफिकेशन अनुसार के कति कारणबाट नमिलेको हो सो कुरा आफ्नो प्रतिवेदनमा स्पष्ट उल्लेख नगरी बोलपत्र मूल्यांकनबाट हटाई दोस्रो ७.९% घटी कबोल गर्ने हस्पिटेक इन्टरप्राईजेज प्रा.लि. को बोलपत्र स्वीकृत गर्ने नियतले बिभागिय सिफारीस आएको। सोही सिफारिसलाई आधार मानि बोलपत्र स्वीकृत गर्ने निर्णय गरी प्रतिष्ठानले गरेको अन्तिम भुक्तानी रु १,७४,८१,७९२।०० (१७८९८०/-USD) को आधारमा USD १८,९०५ को ९७.६७ को दरले हुने ने.रू.१८,४६,४५२।- प्रतिष्ठानलाई हानि पु-याएको पाईको देखिएकोमा उक्त तथ्य मुल्याङ्कन समितिमा समेत रहेका तथा भुक्तानी दिने कार्य गरेका प्रतिवादी दिनेश राज दाहाल र गैरकानुनी कार्यको हिसाव मिलान गर्न पेश भएको भौचरमा हस्ताक्षर गर्ने प्रतिवादी तुल वहादुर श्रेष्ठलाई थाहा जानकारी हुँदा हुदै पनी आफ्नो पदिय जिम्मेवारी वाहिर गई सार्वजनिक संस्थालाई हानीनोक्सानी पुर्याउने वदनियतले उक्त कार्य गरेको पुष्टि भएको अवस्थामा सोलाई अन्देखा गरी एकै खरिद प्रकृयाका सहअभियुक्त बलभद्रप्रसाद दाससमेतलाई कसुर ठहर गरी यी प्रतिवादीहरु दिनेश दाहाल र तुल वहादुर श्रेष्ठलाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण रहेको।<br>**ङ) Operating Table खरिद सम्बन्धमाः-**<br>○ मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कार्य नगरेको भनी फैसलाको प्रकरण नं.१११ पुष्ठ ११९ मा उल्लेख भएको।<br>○ प्रस्तुत विवादमा सवैभन्दा कम अंक कवोल गर्ने नेशनल वायोमेडिकलको बोलपत्र अस्वीकृत गर्दा के कति कारणले अस्वीकृत हुन गएको हो, त्यसको कुनै आधार र कारण नखोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को कानूनी व्यवस्थालाई प्रतिवादी बलभद्रप्रसाद दास र अरविन्दकुमार सिन्हाले जानीजानी उल्लघंन गरेको देखिन आयो भनी फैसलाको प्रकरण नं.१११ पृष्ठ १२२ मा उल्लेख भएको।<br>○ प्रतिष्ठानबाट Operating Table खरिद गर्न प्राप्त हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा घटी रू.२०,५८,०००/-(५४.२७%) कबोल गर्ने M/S National Biomedical pvt.Ltd |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | इलेक्ट्रिकल अपरेशन मेन्टेनेन्समा खरिदमा रु. १,४०,४८,८००/-, फुल्ली अटोमेटेड रोटरी माइक्रोटोन खरिदमा रु. ३३,६७,४००/- र एअर कन्डिसनर खरिद एवं मर्मतमा रु. २१,९३,६८०/- समेत गरी जम्मा रु. १,९६,०९,८८०/- (एक करोड छयानब्बे लाख नौ हजार आठ सय असी) अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य गरी प्रतिष्ठानलाई नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको देखिदा निज प्रतिवादी नन्दकुमार थापाले हिनामिना गरेको रु. १,९६,०९,८८०/- (अक्षरुपी एक करोड छयानब्बे लाख नौ हजार आठ सय असी) लाई विगो कायम गरी निज प्रतिवादी नन्द कुमार थापालाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी ऐ.ऐनको दफा ८(१) बमोजिम विगो समेत असुल उपर गरिपाउनका साथै निज प्रतिवादीको हकमा भ्रष्टचार निवारण ऐन, २०५९ को दफा २४ समेत आकर्षित हुने भएकोले सो दफा २४ अनुसार थप सजाय समेतको मागदावी लिइएको।<br>**घ) विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्टार तुल बहादुर श्रेष्ठको हकमाः**<br>फेटल मनिटर डप्लर वार्मर खरिद | का दुर्कमान महर्जन, Air Condition का आपूर्तिकर्ता एयरटेक इण्डष्ट्रिज प्रा.लि. का मनोज मङ्गसालीलाई मौकामा वयान गराएको भए तापनि निजहरु उपर आरोपदावी नरहेको। मनोज मङ्गसाली, दुर्कमान महर्जन, जयकृष्ण श्रेष्ठ, सरस प्रसाद श्रेष्ठ, सुशिल थापा सुरेश कुमारका हकमा प्रस्तुत मुद्दाको उपकरण र सेवा खरिद कार्यमा उल्लिखित व्यक्तिहरुको प्रत्यक्ष रुपमा कहिकतै संलग्नता रहेको नदेखिएको तथा निजहरुले वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हानि नोक्सानी पुर्‍याउने तथा आफूलाई फाइदा पुग्ने गरी कुनै भ्रष्टाचारजन्य कार्य निजहरुबाट भए गरेको अनुसन्धानको क्रममा संकलित सवुद प्रमाणबाट देखिन नआएकोले निजहरुका हकमा केही गरि रहनु पर्ने नदेखिएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७६।३।२७ को वैठकको निर्णयसंख्या नं. ७५६ बाट निर्णय गरेको निर्णय उतारको प्रतिलिपिबाट देखिन आएको। आयोगले नै आपूर्तिकताले प्रतिष्ठानलाई हानि नोक्सानी पुर्‍याउने तथा आफूलाई फाइदा पुग्ने गरी कुनै भ्रष्टाचारजन्य कार्य गरेको नदेखिएको भनी निर्णय गरिसकेपछि सोही आपूर्तिकर्ताको उपकरण तथा सामान खरिद गर्ने प्रतिष्ठानका प्रतिवादीहरुले आफूँ वा कसैलाई लाभ र प्रतिष्ठानलाई हानि नोक्सानी पुर्‍याउने कार्य गरेको भन्ने आरोपदावी नै तथ्यसंगत देखिन नआएको।<br>ख)प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी र आपूर्तिकर्ताहरुबीच आपसी मिलेमतो भइ प्रतिवादीहरुले व्यक्तिगत फाइदा लिएकी भन्नलाई मौकामा कागज गर्ने मनोज मङ्गसाली, दुर्कमान महर्जन, जयकृष्ण श्रेष्ठ, सरसप्रसाद श्रेष्ठ, सुशिल थापा र सुरेश | समेतले पेश गरेको बोलपत्र प्रतिष्ठानको माग र स्पेशिफिकेशन अनुसार भए नभएको बारेमा सम्बन्धित विभागको राय माग गरिएकोमा सबै भन्दा कम अंक कबोल गर्ने M/S National Biomedical pvt.Ltd को बोलपत्र प्रतिष्ठानको स्पेशिफिकेशन अनुसार के कति कारणबाट नमिलेको हो सो कुरा आफ्नो प्रतिवेदनमा स्पष्ट उल्लेख नगरिएको। निजको बोलपत्र अस्वीकृत हुने कुनै कारण भए कारण जनाई अस्वीकृत गरी अरू बोलपत्र दाताको कबोल अंक लागत अनुमान भन्दा बढी भएकोमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ को १(ख) अनुसार रद्ध गरी पुनः बोलपत्र आह्वान गर्नु पर्नेमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा व्यवस्था नभएको प्रकृया अपनाई लागत अनुमान भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताहरुसंग घटाघट गराई M/S Biomed International Pvt.Ltd संग मिति २०७०।९।१७ मा रु.४३,००,७७५/-मा खरिद सम्झौता गरेको देखिन्छ। उक्त तथ्य मुल्याङ्कन समितिमा समेत रहेका तथा भुक्तानी दिने कार्य गरेका प्रतिवादी दिनेश राज दाहाललाई थाहा जानकारी हुँदा हुदै पनी आफ्नो पदिय जिम्मेवारी वाहिर गई सार्वजनिक संस्थालाई हानीनोक्सानी पुर्याउने वदनियतले उक्त कार्य गरेको पुष्टि भएको अवस्थामा सोलाई अन्देखा गरी एकै खरिद प्रकृयाका सहअभियुक्त बलभद्रप्रसाद दाससमेतलाई कसुर ठहर गरी यी प्रतिवादी दिनेश राज दाहाललाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण रहेको।<br>○ प्रतिवादी चेतन अग्रवाल हकमा हेर्दा माथि विवेचित आधार प्रमाणहरु तथा अदालतवाट सहअभियुक्तहरु बलभद्र प्रसाद दाससमेतलाई कसुर कायम गरेको अवस्था सोही सम्झौताको अर्का पक्ष प्रतिवादी चेतन अग्रवाललाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण छ। साथै, फैसलाको प्रकरण नं.११२ मा सम्झौताका आपूतिकर्तालाई मुद्दा नचलाउने गरी भएको आयोगको निर्णण तथ्यसंगत देखिएन भनी आधार लिईएको अवस्था प्रस्तुत Operating table आपूर्तिकर्ता वायोमेड इन्टरनेशनल प्रा.लि का प्रोपराईटर चेतन अग्रवालका हकमा मुद्दा दायर गर्दा सफाई दिने गरी भएको फैसला आफैमा विरोधाभाष रहेको।<br>○ अपरेटिङ्ग टेबल एक थान किन्ने सम्झौता गरी २ (दुई) थान खरिद गरेको देखिन्छ, बोलपत्र सूचनामा १ थान सामाग्री खरिद गर्न भनिएकोमा बोलपत्र स्वीकृत भई सकेपछि २ थान खरिद गर्न L/C खोल्ने आदेश दिनु पर्ने कारण स्पष्ट छैन, आर्थिक बर्षको शुरू (श्रावण/भाद्र) मा बोलपत्रको कारवाही भएकोमा नियमानुसार रद्ध गरी पुनः सूचना जारी गर्ने समय पनि रहेको । विशेष परिस्थितीको अवस्था नदेखिईनु, अस्पतालको सेवा नै अवरुद्ध भएको वा आर्थिक बर्षको अन्त आईसकेको जस्ता कारण पनि नभएकोमा नियम विपरित स्वेच्छाचारी ढंगले निर्णय गरी खरिद कार्य गरेको। थप एक थान खरिद गरिएको अपरेटिङ टेवलको लागि कार्य सम्पादन जमानत समेत नराखी संझौता भएको देखिन्छ। अन्तिम भुक्तानीलाई आधार मान्दा न्यून कवोल अंकको तुलनामा प्रति थान रू. २१,९०,२२७।- का दरले २ थान टेवुल खरिद गरी रू. ४३,८०,४५४।— प्रतिष्ठानलाई हानि नोक्सानी पु-याएको देखिएको अवस्थामा प्रतिवादीहरु चेतन अग्रवाल र दिनेश दाहाललाई कसुर कायम गरी सजाय गर्नु पर्नेमा सफाई हुने ठहर गरी भएको फैसला त्रुटि पूर्ण रहेको।<br>च) **EMG मेशिन खरिद सम्बन्धमा :-** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मा रु. ३८,३०,९५३/- हाइ इन्ड कलर डप्लर सिष्टम खरिद मा रु. १८,४६,४५२/– गरी जम्मा रु. ५६,७७,४०५/- (छपन्न लाख सतहतर हजार चार सय पाच) अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य गरी प्रतिष्ठानलाई नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको देखिदा निज प्रतिवादी तुल बहादुर श्रेष्ठले हिनामिना गरेको रु. ५६,७७,४०५/- (अक्षरुपी छपन्न लाख सतहतर हजार चार सय पाच)लाई विगो कायम गरी निज प्रतिवादी तुल बहादुर श्रेष्ठलाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी ऐ.ऐनको दफा ८(१) बमोजिम विगो समेत असुल उपर गरिपाउनका साथै निज प्रतिवादीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ समेत आकर्षित हुने भएकोले सो दफा २४ अनुसार थप सजाय समेतको मागदावी लिइएको अवस्था छ।<br>ङ) **विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका लेखा प्रमुख दिनेश राज दाहालको हकमाः**<br>डायग्नोस्टिक किट्स रि एजेन्ट (भिडास) खरिद गर्दा रु. ७,८७,३१७/७१, डायग्नोष्टिक | कुमारले मौकामा वयान कागज गर्दा र अदालतमा आइ वकपत्र गर्दा कुनै पनि व्यक्ति तथा पदाधिकारीहरुलाई कमिसन दिएर काम गर्ने गराउने नगरेको। कुनै पनि पदाधिकारी र कर्मचारीलाई रकम नदिएको। इ-टेण्डर प्रक्रियामा मान्छे समेत चिन्न र भेट्न नपर्ने गरी प्रक्रिया गरिएकोले आर्थिक चलखेल हुन सक्ने अवस्था नै नरहेको। पदाधिकारी तथा कर्मचारीलाई आर्थिक प्रलोभनमा पारी कार्य गरिएको छैन भनी मिलेमतो भएको तथ्यलाई इन्कार गरेको देखिएको।<br>ग) हानि नोक्सानीको विगो सम्बन्धमा हेर्दा, प्रतिवादीहरुले लागत अनुमान भन्दा बढी मूल्य तिरेकोसम्म देखिएको, खरिद गरिएका वस्तु तथा सेवा अस्पतालको काममा प्रयोग भइरहेको सामानको गुणस्तरमा प्रश्न समेत नउठेको, प्रतिवादीहरुले उक्त सामान नासेमासेको, निजी प्रयोगमा लगाएको वा निजी लाभ लिएको वादी दावी नरहेको, हानि नोक्सानीको विगो महालेखा परीक्षकको कार्यालयबाट समपरीक्षण भएको देखिएको हुँदा हालको अवस्थामा दावी गरिएको नोक्सानी विगोको अधिकांश आइटमको लगतकट्टा भइसकेको देखिंदा न्यायको रोहमा हानि नोक्सानीको विगो कायम गर्न मनासिव नदेखिएको अवस्था हुँदा वेरुजु देखिएका रकमहरु बाँकी भए कानून बमोजिम असूल उपर गर्न मिल्ने नै हुँदा प्रतिवादीहरु उपरको विगो कायम हुन सक्ने अवस्था नरहेको ।<br>घ)प्रतिवादी मध्येका तुलबहादुर श्रेष्ठ, अमित श्रीवास्तव, र दिनेशराज दाहाल उल्लिखित वस्तु र सेवाको खरिद गर्ने निर्णयमा सहभागी रहेको नदेखिएको र केन्द्रिय कार्यकारिणी समितिको निर्णय बमोजिम मालसामानको भुक्तानी दिने कार्यमा संलग्न रहेकोसम्म | ० EMG मेशिन खरिद प्रक्रियाको अन्तिम निर्णय प्रतिवादी बलभद्रप्रसाद दासले गरेका र प्रतिवादी अरविन्दकुमार सिन्हाले खरिद प्रक्रिया अगाडि वढाउने कार्यमा प्रत्यक्ष संलग्नता रहेको पाइएबाट प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(घ) एंव दफा २५ को कानूनी प्रक्रिया पुरा नै नगरी पेश भएको बोलपत्र सम्बन्धी कारवाही अगाडि वढाई प्रतिवादीहरु बलभद्रप्रसाद दास र अरविन्दकुमार सिन्हाले जानीजानी बदनियत राखी प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ को कानूनी व्यवस्थाको उल्लघंन गरेको देखिन आयो भनी फैसलाको प्रकरण नं.१११ पुष्ठ १२७ मा उल्लेख भएको।<br>० EMG मेशिन खरिद गर्दा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा घटी रू.११,९९,२००/-(५३.९६%) कबोल गर्ने M/S Eureka International Pvt. Ltd समेतले पेश गरेको बोलपत्र प्रतिष्ठानको माग र स्पेशिफिकेशन अनुसार भए नभएको बारेमा सम्बन्धित विभागको राय माग गरिएकोमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २३को उपदफा २(घ) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६२ को उपनियम (२) बमोजिम बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित कुरा र बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको कुरामा कुनै भिन्नता पाईएमा मुल्याङ्कन समितिले सो भिन्नता समेत उल्लेख गर्नु पर्नेमा विभागबाट सबै भन्दा कम अंक कबोल गर्ने M/S Eureka International Pvt. Ltd समेतको बोलपत्र प्रतिष्ठानको स्पेशिफिकेशन अनुसार के कति कारणबाट नमिलेको हो सो कुरा आफ्नो प्रतिवेदनमा स्पष्ट उल्लेख नगरिएको ।निजको बोलपत्र अस्वीकृत हुने कुनै कारण भए कारण जनाई अस्वीकृत गरी अरू बोलपत्र दाताको कबोल अंक लागत अनुमान भन्दा बढी भएकोमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ को उपदफ १(ख) अनुसार रद्ध गरी पूनः बोलपत्र आह्वान गर्नु पर्नेमा सार्वजनिक खरिद ऐन,२०६३ मा नभएको प्रकृया अपनाई लागत अनुमान भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताहरुसंग घटाघट गराई M/S Capital Enterprises संग मिति२०७०।४।१८ मा USD ३१३२३/- मा खरिद सम्झौता गरी मिति २०७०/११/२२मा रु.३१,३८,१४०/- भुक्तानी गरेको। उक्त तथ्य मुल्याङ्कन समितिमा समेत रहेका तथा भुक्तानी दिने कार्य गरेका प्रतिवादी दिनेश राज दाहाललाई थाहा जानकारी हुदा हुदै पनी आफ्नो पदिय जिम्मेवारी वाहिर गई सार्वजनिक संस्थालाई हानीनोक्सानी पुर्याउने वदनियतले उक्त भुक्तानी दिनेसमेतको कार्य गरेको पुष्टि भएको अवस्थामा सोलाई अन्देखा गरी एकै खरिद प्रकृयाका सहअभियुक्त बलभद्रप्रसाद दाससमेतलाई कसुर ठहर गरी यी प्रतिवादी दिनेश राज दाहाललाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण रहेको ।<br>छ) **Electrical Operation and Maintenance सम्बन्धीः**<br>० प्रतिवादीहरु बलभद्रप्रसाद दास, अरविन्दकुमार सिन्हा, नन्दकुमार थापा प्रस्तुत खरिद प्रक्रियामा तथा खरिद निर्णयमा संलग्न रहेको देखिँदा निज प्रतिवादीहरुले सार्वजनिक खरिद ऐनको कानूनी व्यवस्था जानीजानी बदनियतपूर्वक अनदेखा गरी प्रतिष्ठानलाई हानि नोक्सानी पुऱ्याएको देखिन आयो। प्रतिवादी तीनै जनाले Electrical Operation and Maintenance खरिद प्रक्रियामा प्रचलित कानूनी व्यवस्था उल्लङ्घन गरी अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गरेको देखिँदा प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | किट्स रि एजेन्ट (एसेन्ट २००) खरिद गर्दा रु. २४,६७,४८०/- , एअर कन्डिसन मर्मत तथा संचालन मा रु. २१,९३,६८०/- फेटल मनिटर डप्लर वार्मर खरिदमा रु. ३८,३०,९५३/- , EMG मेसिन खरिदमा रु. १९,३९,१४०/- हाइ इन्ड कलर डप्लर सिष्टम खरिद मा रु. १८,४६,४५२/– अपरेटिङ टेवल खरिदमा रु. ४३,८०,४५४/- र ग्लोभ्स खरिद गर्दा रु ६०,३६,३४३/- समेत गरी जम्मा रु. २,३४,८१,८१९/७१ - (दुई करोड चौतिस लाख एकासी हजार आठसय उन्नाइस रुपैया एकहतर पैसा) अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य गरी प्रतिष्ठानलाई नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको देखिदा निज प्रतिवादी दिनेश राज दाहालले हिनामिना गरेको रु. २,३४,८१,८१९/७१ (अक्षरुपी दुई करोड चौतिस लाख एकासी हजार आठसय उन्नाइस रुपैया एकहतर पैसा) लाई विगो कायम गरी निज प्रतिवादी दिनेश राज दाहाललाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी ऐ.ऐनको दफा ८(१) बमोजिम विगो समेत असुल उपर गरिपाउन समेतको मागदावी लिइएको। | देखिएकोले निज प्रतिवादीहरुको हकमा बदनियतपूर्वक खरिद कार्य गरेको वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नसकी प्रतिवादीहरु तुलबहादुर श्रेष्ठ, अमित श्रीवास्तव र दिनेशराज दाहालले आरोपित कसूरबाट सफाई पाउने।<br>ङ)प्रतिवादी चेतन अग्रवाल र उमेशकुमार अग्रवाल दाजुभाइ नाताको देखिए तापनि वेग्लावेग्लै फर्म कम्पनी खोली छुट्टाछुट्टै व्यापार पेसा गरी आएको भन्ने तथ्य मिसिलबाट नै देखिएको, प्रतिष्ठानबाट इ-टेण्डर प्रकाशित भइ प्रतिवादीहरुले आ-आफ्नो कम्पनीको तर्फबाट आ-आफ्नो व्राण्डअनुसारको बोलपत्र पेश गरेका र निजहरुले पेश गरेको वोपलत्रमा कोड गरेको Gloves लाई प्राविधिक समितिले सिफारिस गरेको र सोही सिफारिस आधारमा कार्यकारिणी समितिबाट निजहरुको बोलपत्र स्वीकृत भइ खरिद निर्णय भएको देखिएको। प्रतिवादीहरुले प्रतिष्ठानसँग मिलेमतो गरी बोलपत्र स्वीकृत गराएको भन्ने तथ्य र प्रमाण वादी पक्षबाट पेश हुन नसकेको र प्रतिवादीहरु र प्रतिष्ठानबीच भएको खरिद संझौतामा उल्लेखित स्पेसिफिकेसन अनुसारको ग्लोवस प्रतिवादीहरुले उपलब्ध गराएको स्थितिमा प्रतिवादीहरुउपर लागेको आरोपदावी स्थापित र पुष्टि हुन नसकेको।<br>च)प्रतिवादीहरु बलभद्रप्रसाद दास, अरविन्दकुमार सिन्हा, नरेन्द्रकुमार थापा र तुल वहादुर श्रेष्ठ, उपर आरोपदावी वमोजिमको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ वमोजिमको कसुर अपराध अन्तरगतको सजायदावीको सम्वन्धमा प्रस्तुत फैसलामा केही बोलेको अवस्था नगरेको । | (ज) बमोजिमको कसूर गरेको देखिन आयो भनी फैसलाको प्रकरण नं.१११ पृष्ठ १३२ मा उल्लेख भएको।<br>० प्रतिवादी अमित श्रीवास्तवको हकमा हेर्दा निजले मौका र अदालतमा वयान गर्दा कार्यकारिणी समितिको वैठक संख्या ४२२ निर्णय नं.३६५३ अनुसार लेखामा कार्यरत रहेकोले सो हैसियतले भुक्तानी दिएको स्वीकार गरेको अवस्था छ। **Electrical Operation and Maintenance** खरिद सम्वन्धमा प्राप्त हुन आएका ३(तीन) वटा बोलपत्र मध्ये सबै भन्दा न्यून अंक कबोल गर्ने कसमिक ई.एशोसियसन संग मिति २०६८/१०/२६ मा रु.१,२३,१८,६००।को सम्झौता गरिएकोमा कार्य शुरु नगरेको भनि मिति २०६८/१२/२८ मा सो सम्झौता रद्ध गरेको। सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा (२) बमोजिम सम्झौता अनुसार कार्यसम्पादन नगरेको अवस्थामा ५९ को उपदफा (३) (ख) बमोजिम सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च समेत बोलपत्रदाताले व्यहोर्नु पर्ने दायित्व रहेकोमा सो सम्बन्धमा कुनै कारवाई गरेको देखिदैन।प्रतिष्ठानबाट पत्राचार गरी सबैभन्दा बढी अंक (८१.२२% बढी) कबोल गर्ने माईक्रोटेक M.& E. लाई बोलाई नेगोसिएसनमा घटाघट गराई मिति २०६९/०१/१५मा रु.१,९१,००,०००।— मा सम्झौता गरेको देखियो ।उक्त बोलपत्र सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ को उप दफा (१) (ख) अनुसार रद्ध गरी पूनः बोलपत्र प्रक्रिया थालनी गर्नुपर्नेमा सो नगरी लागत अनुमान भन्दा ८१:२२% बढी कबोल गर्नेसंग घटाघट गराई रू.१,९१,००,०००।—मा सम्झौता गरी २२ महिना सम्ममा उक्त माईक्रोटेक एम.इ. प्रा.लि.लाई रु.३,९५,६३,६३१।— भुक्तानी दिएको देखिन्छ । यसरी हेर्दा माइक्रोटेक M.&E. प्रा.लि.ले २२ महिना सम्म लिएको भुक्तानी रकमको आधारमा प्रतिष्ठानलाई प्रति वर्ष रु.६७,८१,४००/- का दरले कूल रकम रु. १,४०,४८,८००/- (मु.अ.कर सहित) हानी नोक्सानी भएकोमा विवाद नरहेको।उक्त तथ्य भुक्तानी दिने कार्य गरेका प्रतिवादी अमित श्रीवास्तवलाई थाहा जानकारी हुदा हुदै पनी आफ्नो पदिय जिम्मेवारी वाहिर गई सार्वजनिक संस्थालाई हानीनोक्सानी पुर्याउने वदनियतले उक्त भुक्तानी दिनेसमेतको कार्य गरेको पुष्टि भएको अवस्थामा सोलाई अन्देखा गरी एकै खरिद प्रकृयाका सहअभियुक्त बलभद्रप्रसाद दाससमेतलाई कसुर ठहर गरी यी प्रतिवादी अमित श्रीवास्तवलाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण रहेको।<br>ज) **Air Condition मर्मत तथा सञ्चालन सम्बन्धमाः-**<br>० पेश हुन आएका बोलपत्रहरु मध्ये सबैले लागत अनुमान भन्दा बढीको बोलपत्र पेश गरेकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ को उपदफा (१) (ख) बमोजिम बोल अंक लागत अनुमान भन्दा सारभुत रुपमा बढी भएमा बोलपत्र अस्वीकृत वा खरिद कारवाई रद्ध गर्नु पर्नेमा सार्वजनिक खरिद ऐनमा नभएको प्रक्रिया अपनाई वोलपत्रदाताहरुसंग घटाघट गराई एअर टेक इण्डष्ट्रिज संग लागत अनुमान भन्दा १३.४२% बढी भएको अवस्थामा पनि मिति २०७०/०३/१० मा वार्षिक रू.७०,८९,१२४।-(मु.अ.कर वाहेक) पाउने गरी ३ वर्षको लागि सम्झौता गरेको देखिन्छ।यसरी लागत अनुमानसंग तुलना गरी हेर्दा एअरटेकले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | च) **<u>विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका डेपुटी मेनेजर अमित श्रीवास्तवको हकमाः</u>**<br>इलेक्ट्रिकल अपरेसन मेन्टेनेन्स मा रु. १,४०,४८,८००/- फुल्ली अटोमेटेड रोटरी माइक्रोटोन खरिदमा रु. ३३,६७,४००/- समेत गरी जम्मा रु १,७४,१६,२००/- (रु एक करोड चौहतर लाख सोह्र हजार दुई सय) अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गराउने कार्य गरी प्रतिष्ठानलाई नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुर गरेको देखिदा निज प्रतिवादी अमित श्रीवास्तवले हिनामिना गरेको रु. १,७४,१६,२००/- (अक्षरुपी एक करोड चौहतर लाख सोह्र हजार दुई सय)लाई विगो कायम गरी निज प्रतिवादी अमित श्रीवास्तवलाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी ऐ.ऐनको दफा ८(१) बमोजिम विगो समेत असुल उपर गरिपाउन समेतको मागदावी लिइएको।<br>छ) **<u>उपकरण सप्लायर्स प्रेसिजन मेडिकल प्रा.लि./वायोमेड इन्टरनेस्नल प्रा.लि.का प्रोपाइटर चेतन अग्रवालका हकमाः</u>**<br>अपरेटिङ्ग टेवल खरिद मा रु. ४३,८०,४५४/- र ग्लोभस | | ३२ महिना सम्म लिएको कूल भुक्तानी रकम रु.२,१०,२७,०१४/- को आधारमा प्रतिष्ठानलाई कूल रकम रु. २१,९३,६८०/- (मु.अ.कर सहित) हानी नोक्सानी गरेकोमा विवाद गर्नु पर्ने अवस्था नरहेको।<br>० सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१)(ख) मा वोल अंक लागत अनुमान भन्दा सारभूत रुपमा वढी भएमा बोलपत्र अस्वीकृत वा खरिद कारवाही रद्द गर्नु पर्ने देखिन्छ। वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ नियम १७.१४(७) मा लागत अनुमान भएकोमा सयकडा १० भन्दा वढी मूल्यको कमसेकम तीनवटा शिलवन्दी दरभाउपत्र वा बोलपत्र पर्न आएमा पत्र दिनेहरुमा घटाघट गर्न सकिने वा निगोसियन गरी सवैभन्दा घटीवालालाई दिन सकिनेछ। घटाघट वा निगोसियसन गर्दा पनि लागत अनुमानको अंकको १०% भन्दा वढी हुन आएमा समितिको स्वीकृति लिइ शिलवन्दी दरभाउपत्र वा बोलपत्र स्वीकार गर्न सकिने भन्ने व्यवस्था रहेबाट वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा खरिद प्रक्रियामा घटाघटको प्रक्रिया अवलम्वन गर्न पाउने। प्रतिवादीहरुले पेश भएको वोलपत्रहरुलाई ७ दिनको समय दिइ घटाघट गराई सवैभन्दा न्यून रकम कवोल गर्ने वोलपत्रलाई स्वीकृत गरी वी.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली बमोजिम गरे भएका कार्यलाई असल नियतले गरेको भनी मान्नु पर्ने हुन्छ भनी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको। सो सम्वन्धमा वादी नेपाल सरकार प्रतिवादी तुल्सीराम पाण्डे भएको भ्रष्टाचार मुद्दामा *“ऐन विपरीत नेपाल सरकारले निर्णय गर्न सक्दैन र गरिएको निर्णयबाट प्रचलित ऐनको व्यवस्था प्रभावहिन भएको अर्थ गर्न पनि नमिल्ने”* (निर्णय नं: ८३८१, ने.का.प.२०६७ अङ्क ५) भनी सर्वोच्च अदालतले नजिर प्रतिपादन भएको अवस्थामा सार्वजनिक खरिद ऐन प्रमाणीकरण र प्रकाशन मिति २०६३।९।३० मा लागु भए पछि उक्त ऐन सँग बाझिने गरि गरिएका कुनै पनि सरकारी निर्णय प्रभावहिन हुने देखिएको। सार्वजनिक खरिद ऐन, २०६३ को प्रतिकुल हुने गरी वनाईएको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ नियम १७.१४(७) को व्यवस्थालाई आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला कानूनी व्यख्याको रोहमा त्रुटि पूर्ण भएको।<br>**झ) Fetal Moniter Doppler and Newborn Warmer खरिद सम्बन्धमाः-**<br>० सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ मा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनोट गर्नुपर्ने व्यवस्था रहेको। सो व्यवस्थालाई सोही ऐनको दफा २७ ले पनि जोड दिएको। प्रतिष्ठानका अस्पताल निर्देशक प्रतिवादी अरविन्दकुमार सिन्हा र उपकुलपति प्रतिवादी बलभद्रप्रसाद दासले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ र २७ को कानूनी व्यवस्था जानीजानी बदनियतसाथ उल्लघंन गरी लागत अनुमान भन्दा सारभूत रुपमा वढी भएको बोलपत्र दफा २६(१)(ख) बमोजिमको अवस्था देखिएमा बोलपत्र अस्वीकृत वा खरिद कारवाही रद्द गर्नुपर्नेमा नगरी बोलपत्र स्वीकृत गरेबाट निज प्रतिवादीहरुले दफा २६(१) (ख) को कानूनी व्यवस्था समेत उल्लघंन गरी प्रतिष्ठानलाई मालसामान खरिद गर्दा अस्वाभाविक रुपमा वढी मूल्य तिरी खरिद गर्ने गराउने गरेको देखिएबाट प्रतिवादीहरुले प्रतिष्ठानलाई हानि नोक्सानी पुऱ्याएको तथ्य स्पष्ट देखिन आयो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खरिदमा रु. ६०,३६,३४३/- समेत गरी जम्मा रु. १,०४,१६,७९७/- (एक करोड चार लाख सोह्र हजार सात सय सन्तानब्बे) हिनामिना तथा भ्रष्टाचार गरी आफूलाई फाइदा र प्रतिष्ठानलाई नोक्सानी हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४)अन्तर्गतको कसुर गरेको देखिदा चेतन अग्रवालले हिनामिना गरेको रु. १,०४,१६,७९७/- (अक्षरुपी एक करोड चार लाख सोह्र हजार सात सय सन्तानब्बे)लाई विगो कायम गरी निज चेतन अग्रवालीलाई ऐ ऐनको सोही दफा ८ को उपदफा (४)बमोजिम जरिवाना तथा सजाय गरी निजले हिनामिना गरेको विगो समेत असुल गरी पाउन मागदावि लिइएको।<br>ज) **उपकरण सप्लायर्स सर्जिकेम डिस्ट्रिव्यूटर्स का प्रोपाइटर उमेश अग्रवालका हकमाः**<br>उपकरण सप्लायर्स सर्जिकेम डिस्टिव्युटर्स का प्रोपराइटर उमेश अग्रवालले माथि विश्लेषण गरिए अनुसार **Gloves** आपूर्ति गर्दा गर्दा प्रचलित सार्वजिनक खरिद ऐन,२०६३को दफा २७(१) उलङ्घन गरी प्रतिष्ठानका पदाधिकारी संग मिलेमतो गरी खरिद संझौता गरेको र भुक्तानी समेत लिएको साथै ग्लोभस खरिदमा न्यूनतम अंक कबोल गर्ने र संझौता गर्ने कंपनीका प्रोपाइटरहरु समेत स्वयं आफू र एकाघरका दाजुभाई देखिएको र | | भनी फैसलाको प्रकरण नं.१११ को पृष्ठ १३९ मा उल्लेख भएको।<br>○ प्रतिवादीहरु तुलबहादुर श्रेष्ठ र दिनेश राज दाहालको हकमा हेर्दा प्रतिष्ठानबाट Fetal Monitor, Doppler & Newborn Warmer खरिद प्रकृयामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा घटी रू.२१,७४,९००/-(५७.३५%) घटी कबोल गर्ने सर्जिइलेक्ट्रो मेडिकासमेतले पेश गरेको बोलपत्र प्रतिष्ठानको माग र स्पेशिफिकेशन अनुसार भए नभएको बारेमा सम्बन्धित विभागको राय माग गरिएकोमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २३को उपदफा (२) (घ) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६२ को उपनियम (२) बमोजिम बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित कुरा र बोलपत्रदाताले बोपत्रमा उल्लेख गरेको कुरामा कुनै भिन्नता पाईएमा मुल्याङ्कन समितिले सो भिन्नता समेत उल्लेख गर्नु पर्नेमा सो प्रावाधानको उलङ्घन गरी के-कुन कारणले माग भएको इस्फेसिफिकेसन अनुसार नभएको हो प्रत्येक बोलपत्रदाताको हकमा प्रष्ट किटान नगरी चौंथो बढी कवोल गर्ने वायोमेड इन्टरनेस्नल प्रा.लि.को बोलपत्र स्विकृत गरेको। सार्वजनिक खरिद ऐन,२०६३ को २६ को (१) (ख) अनुसार रद्ध गरी पूनः बोलपत्र आह्वान गर्नु पर्नेमा नियममा नभएको प्रकृया अपनाई लागत अनुमान भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता वायोमेड इन्टरनेस्नल प्रा.लि. संग घटाघट गराई मिति२०७०।१०।१४ मा रू.५५,६५,११२।८० मा सम्झौता गरिएको। अन्तिम भुक्तानी रकम रु ६२,८८,५८९।०० लाई आधार मान्दा न्यून कवोल अंकको तुलनामा ३८,३०,९५३/- प्रतिष्ठानलाई हानि नोक्सानी पु-याएको देखिएकोमा भुक्तानी दिने कार्यमा संलग्न प्रतिवादीहरु दिनेश राज दाहाल र तुल वहादुर श्रेष्ठलाई उक्त गैरकानूनी कार्य भए गरेको थाहा जानकारी हुँदा हुदै पनी आफ्नो पदिय जिम्मेवारी वाहिर गई सार्वजनिक संस्थालाई हानीनोक्सानी पुर्याउने वदनियतले उक्त कार्य गरेको पुष्टि भएको अवस्थामा सोलाई अन्देखा गरी एकै खरिद प्रकृयाका सहअभियुक्त बलभद्रप्रसाद दाससमेतलाई कसुर ठहर गरी यी प्रतिवादीहरु दिनेश राज दाहाल र तुल वहादुर श्रेष्ठलाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण रहेको।<br>ञ) **Fully Automated Rotary Microtome खरिद सम्बन्धमाः-**<br>○ प्रस्तुत खरिद प्रक्रियाका सम्बन्धमा खरिद संझौता गर्ने प्रेसिजन मेडिकल प्रा.लि. पाँचौ बोलपत्रदाता भएको। मूल्याङ्कन समितिले बोलपत्रको मूल्याङ्कन गर्दा सवैभन्दा न्यून अंक कवोल गर्ने चामुण्डा ट्रेडिङ हाउस रु.२८,००,०००।— (६५.३९% घटी) रहेको, त्यसैगरी दोश्रो, तेश्रो र चौथो बोलपत्र पनि पाँचो भन्दा कम रकम कवोल गरेको हुँदा उक्त बोलपत्रहरु के कति कारणले माग भएको स्पेसिफिकेसन अनुसार नभएको हो भन्ने उल्लेख नै नगरी पाँचौ नम्वरकोलाई मात्र सिफारिस गरेको मूल्याङ्कन प्रतिवेदनलाई आधार लिइ प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(घ) र दफा २५ को कानूनी व्यवस्थालाई अनदेखा गरी जानाजान प्रचलित कानूनीको व्यवस्था उल्लघंन गरेको देखियो। प्रतिवादी मध्येका बलभद्रप्रसाद दास अस्पतालको निर्देशक भइ कार्यकारिणी समितिमा पेश गर्ने, कार्यकारिणी समितिमा रही निर्णय गर्ने, संझौता गर्ने कार्य गरी प्रतिवादी नन्दबहादुर थापा रजिष्टार भइ कार्यकारिणी समितिको सदस्य सचिव भइ निर्णय प्रक्रियामा प्रत्यक्ष संलग्न रहेको र सार्वजनिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उनीहरुको प्रत्यक्ष मिलेमतो देखिएको हुंदा ग्लोव्स खरिद मा रु. ६०,३६,३४३/- (साठी लाख छतिस हजार तीन सय त्रिचालिस) हिना मिना तथा भ्रष्टाचार गरी आफूलाई फाइदा र प्रतिष्ठानलाई नोक्सानी हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४)अन्तरगतको कसुर गरेको देखिदा उमेश अग्रवालले हिनामिना गरेको रु. ६०,३६,३४३/- (अक्षरुपी साठी लाख छतिस हजार तीन सय त्रिचालिस) लाई विगो कायम गरी निज उमेश अग्रवाललाई ऐ ऐनको सोही दफा ८ को उपदफा (४) बमोजिम जरिवाना तथा सजाय गरी निजले हिनामिना गरेको विगो समेत असुल गरी पाउन माग दावी लिइएको। | | निकायले पालना गर्नुपर्ने प्रचलित कानूनी व्यवस्था उल्लघंन गरी पेश भएको बोलपत्रलाई मान्यता दिइ मालसामान खरिद गर्दा अस्वाभाविक रुपमा वढी मूल्य तिरी खरिद गरेको तथ्य पुष्टि हुन आएको देखियो भनी फैसलाको प्रकरण नं.१११ को पृष्ठ १४३ मा उल्लेख भएको।<br>○ प्रतिवादी अमित श्रीवास्तवको हकमा केही नवोली फैसला भएको अवस्था रहेको देखिएको हुदा उक्त फैसला त्रुटी पूर्ण रहेको।<br>ट) **Gloves खरिद सम्बन्धमाः**<br>○ प्रस्तुत विवादमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा२३(२)(घ) तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) बमोजिम बोलपत्र सम्बन्धी कागजमा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र सोही कागजमा संलग्न खरिद संझौताका शर्त अनुरुप बोलपत्र सारभूत रुपमा प्रभावग्राही भए वा नभएको खुलाउनु पर्ने दायित्व मूल्याङ्कन समितिको रहेकोमा मूल्याङ्कन समितिले सो कुरा नखुलाएको। मूल्याङ्कन समितिले सोही ऐनको दफा २५ बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र भए नभएको एकिन गर्नुपर्ने कानूनी दायित्व भएकोमा सो दायित्व पूरा नगरेको अवस्थामा समेत मूल्याङ्कन समितिका पदाधिकारीहरु विरुद्व आरोपदावी लिएको नदेखिँदा प्रस्तुत विषयमा यस अदालतले वोल्न मिल्ने देखिन आएन भनी फैसलाको प्रकरण नं.१११ पृष्ठ १४९ मा उल्लेख भएको।<br>○ Gloves खरिद प्रक्रियामा मुख्य रुपमा प्रतिवादीहरु बलभद्रप्रसाद दास र अरविन्दकुमार सिन्हा संलग्न भएका र मूल्याङ्कन समितिले सवैभन्दा कम कवोल गर्ने M/S Surgident Trading house को कवोल रकम स्वीकृत लागत अनुमान भन्दा ३८.९६% न्यून रहेको निजसँग नमूना माग गरी सम्बन्धितबाट जाँचपास गरी स्वीकृत गर्नु उचित हुने भनी सिफारिस गरेको र विभिन्न १३ वटा बोलपत्रदाताहरुको कवोल रकमको तुलनात्मक चार्ट वनाइ पेश गरेको अवस्थामा सवैभन्दा कम कवोल गर्ने पहिलो, दोश्रो, तेश्रो, चौथो, पाँचौ, छैठौ र सातौं बोलपत्र सारभूत रुपमा प्रभावग्राही भए नभएको सम्बन्धमा यकिन नै नगराइ न्यूनतम कवोल गर्ने बोलपत्र के कति कारणबाट सारभूत रुपमा प्रभावग्राही हुन नसकेको आधार र कारण समेत केही नखुलाई प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को कानूनी व्यवस्था उल्लघंन गरी आठौ र बाह्रौ नम्वरका बोलपत्रदाताको बोलपत्र स्वीकार गरेबाट प्रतिवादीहरुले सार्वजनिक खरिद ऐनको कानूनी व्यवस्थालाई जानीजानी बदनियतपूर्वक अवज्ञा गरी कम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत नगरी वढी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी संझौता गरी मालसामान खरिद गर्दा अस्वाभाविक रुपमा वढी मूल्य तिरी खरिद गरेबाट प्रतिवादी बलभद्रप्रसाद दास र अरविन्दकुमार सिन्हाले प्रतिष्ठानलाई हानि नोक्सानी पुऱ्याएको देखिन आयो भनी फैसलाको फैसलाको प्रकरण नं.१११ पृष्ठ १५० मा उल्लेख भएको।<br>○ प्रतिवादी मध्येका दिनेश राज दाहालको हकमा हेर्दा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम दर पेश गर्ने Surgident Trading House (प्रो.चेतन अग्रवाल) को रू.१,०६,६५,०००।००(भ्याट बाहेक) को बोलपत्र निजसंग नमूना माग गरी सम्बन्धित पक्षबाट जाँचपास गराई स्वीकृत गर्न उचित हुने राय मूल्याङ्कन समितिले पेश गरेकोमा, सो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नगरी नमूना जांच पास गर्न २०७०/०६/१३मा डेपुटी अस्पताल निर्देशकको संयोजकत्वमा प्राविधिक समिति गठन गरिएको। सार्वजनिक खरिद ऐन,२०६३ को दफा २३को उपदफा (२)(घ) तथा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ६२(२) अनुसार बोलपत्र सम्बन्धी कागजमा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र सोही कागजमा संलग्न खरिद सम्झौताका शर्त अनुरूप बोलपत्र सारभुत रूपमा प्रभावग्राही भए वा नभएको स्पष्ट खुलाउनु पर्ने व्यवस्था रहेको। तर उक्त प्राविधिक समितिले प्रतिष्ठानबाट स्पेशिफिकेसन र मापदण्ड बारे कुनै ठोस आधारहरू उल्लेख भएको नपाईएको तर Surgical gloves को हकमा Surgichem Distributerले पेश गरेको Ambu max companyको गुणस्तर ठिक हुनका साथै प्रतिष्ठानमा विगतका केही बर्ष देखि प्रयोगमा समेत रहेको र हालसम्म कुनै पनि किसिमका कैफियत प्रयोगकर्ताबाट नभएकोलेSurgicem ले पेश गरेको Ambu max companyको Surgical glovesसिफारिस गरिन्छ भनि निर्णय गरेको साथै एक्जामिनेशन ग्लोबको हकमा बायोमेडले पेश गरेको Blosom companyको गुणस्तर ठिक हुनका साथै प्रतिष्ठानमा बिगतका केही बर्ष देखि प्रयोगमा समेत रहेको र हालसम्म कुनै पनि किसिमको कैफियत नदेखिएकोले सिफारिस गरिन्छ भनि प्रतिवेदन दिएको। प्राविधिक समितिको राय सिफारिस बमोजिम कार्यकारी समितिको निर्णय नं.३९६८ बाट बायोमेड इन्टरनेस्नल प्रा.लि. ले सत्तरी लाख थान एक्जामिनेसन ग्लोभसको लागि पेश गरेको रु.५४,६०,०००/-(भ्याट बाहेक) को बोलपत्र र सर्जिकेम डिस्ट्रव्यूटर ले सर्जिकल ग्लोभ्सका लागि पेश गरेको रु.१,०६,२७,५००/-(भ्याट बाहेक) को बोलपत्र स्वीकृत गर्ने निर्णय भएको। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) अनुसार " सार्वजनिक निकायले दफा २५ बमोजिम न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतको लागि छनौट गर्नुपर्ने छ भनि प्रष्ट व्यवस्था भएकोमा उपरोक्त ऐनमा भएको व्यवस्था विपरित प्रतिष्ठानले सबैभन्दा कम अंक कबोल गर्ने M/S Surgident trading houseको रू.१,०६,६५,०००।०० ।-(भ्याट बाहेक) को बोलपत्र स्वीकृत नगरी पहिले देखि प्रयोग गरी ल्याएको भनि प्रयास आधार र प्रमाण विना नै आर्थिक मितव्ययीतालाई ख्याल नगरी प्रतिष्ठानलाई हानी पु-याउने नियतले एउटै वोलपत्रमा समावेश भएका मालसामानहरु खरिद गर्न केही सामानको लागि एउटा वोलपत्रदाता र केही सामानका लागि अर्को वोलपत्रदाता नियम विपरित छनौट गरेको देखिएकोमा भुक्तानी दिने कार्यमा संलग्न प्रतिवादी दिनेश राज दाहाललाई उक्त गैरकानूनी कार्य भए गरेको थाहा जानकारी हुँदा हुदै आफ्नो पदिय जिम्मेवारी वाहिर गई सार्वजनिक संस्थालाई हानीनोक्सानी पुर्याउने वदनियतले उक्त कार्य गरेको पुष्टि भएको अवस्थामा सोलाई अन्देखा गरी एकै खरिद प्रकृयाका सहअभियुक्त बलभद्रप्रसाद दाससमेतलाई कसुर ठहर गरी यी प्रतिवादीहरु दिनेश राज दाहाल र तुल वहादुर श्रेष्ठलाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण रहेको।<br>○ सबै भन्दा न्यून अंक कबोल गर्ने Surgient trading house को प्रोपाइटरको नाम चेतन अग्रवाल र पिताको नाम वृजलाल अग्रवाल रहेको त्यसैगरी सर्जिकल ग्लोबस खरिद गर्ने निर्णय गरिएको आपुर्तक SURGICHEM DISTIRBUTERSको प्रोपाइटरको नाम उमेश कुमार अग्रवाल, पिता वा पतिको नाम वृजलाल अग्रवाल रहेको त्यसै गरी इक्जामिनेशन ग्लोबस खरिद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरिएको वायोमेड इन्टरनेशनल प्रा.लि.का प्रथम संचालकको नाम चेतन अग्रवाल, उमेश कुमार अग्रवाल, अशोक कुमार अग्रवाल र दिन दयाल अग्रवाल देखिएकोले यी तिनै वटा बोलपत्रदाताहरू एकाघरका बाबु -छोरा तथा दाजुभाई भएको प्राप्त कागजातबाट देखिएको। सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम न्यून अंक कबोलकर्तासंग सम्झौता नगरी दुई फरक SURGICNCM DISTRIBUTORS र BIOMED TERNATIONAL PVT LTD दुबै आपूर्तिकर्तासँग रू.१,६०,८७,५००।- मा सम्झौता गरेको, यसबाट आपूर्तीकर्तालाई भएको भुक्तानी रकम रु. १,६७,०१,३४३/- को तुलनामा प्रतिष्ठानलाई रू.६०,३६,३४३/- थप व्ययभार परी हानी नोक्सानी भएको देखिन्छ। प्रतिवादीहरु चेतन अग्रवाल र उमेश कुमार अग्रवालको हकमा हेर्दा माथि विवेचित आधार प्रमाणहरु तथा अदालतवाट सहअभियुक्तहरु बलभद्र प्रसाद दाससमेतलाई कसुर कायम गरेको अवस्था सोही सम्झौताको अर्का पक्ष प्रतिवादी चेतन अग्रवाल र उमेश कुमार अग्रवाललाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण रहेको। साथै फैसलाको प्रकरण नं.११२ मा सम्झौताका आपुतिकर्तालाई मुद्दा नचलाउने गरी भएको आयोगको निर्णण तथ्यसंगत देखिएन भनी आधार लिईएको अवस्था प्रस्तुत Operating table आपूर्तिकर्ता वायोमेड इन्टरनेशनल प्रा.लि का प्रोपराईटर चेतन अग्रवाल र सर्जिकल डिष्टिव्युटर्स प्रा.लि का प्रोपराईटर उमेश कुमार अग्रवाललाई मुद्दा दायर गर्दा सफाई दिने गरी भएको फैसला आफैमा विरोधाभाष रहेको।<br>ठ) फैसलाको प्रकरण नं.११९ मा हानि नोक्सानीको विगो सम्बन्धमा हेर्दा, प्रतिवादीहरुले लागत अनुमान भन्दा वढी मूल्य तिरेकोसम्म देखिएको, खरिद गरिएका वस्तु तथा सेवा अस्पतालको काममा प्रयोग भइरहेको सामानको गुणस्तरमा प्रश्न समेत नउठेको, प्रतिवादीहरुले उक्त सामान नासेमासेको, निजी प्रयोगमा लगाएको वा निजी लाभ लिएको वादी दावी नरहेको, हानि नोक्सानीको विगो महालेखा परीक्षकको कार्यालयबाट समपरीक्षण भएको देखिएको हुँदा हालको अवस्थामा दावी गरिएको नोक्सानी विगोको अधिकांश आइटमको लगतकट्टा भइसकेको देखिंदा न्यायको रोहमा हानि नोक्सानीको विगो कायम गर्न मनासिव नदेखिएको अवस्था हुँदा वेरुजु देखिएका रकमहरु बाँकी भए कानून बमोजिम असूल उपर गर्न मिल्ने नै हुँदा प्रतिवादीहरु उपरको विगो कायम हुन सक्ने अवस्था रहेन भनी फैसला भएको। सो सम्वन्धमा हेर्दा केवल स्वेतपोसधारी व्यक्तीहरुले गरेको कार्य भनि निजहरुलाई यति गम्भिर कसुरमा यो वा त्यो तर्क गरी घटी सजाय वा सफाई दिई भएको फैसला न्यायपूर्ण र तर्क संगत मान्न सक्ने अवस्था नरहेको। गैरकानूनी कार्य भए गरेको थाहा जानकारी हुदा हुदै उक्त कार्यको अन्तिम भुक्तानी दिने कार्य गर्नु आफैमा पूर्ण अपराध हो। उक्त अपराध घटित गरे पछि उक्त रकम मध्ये केही रकम दाखिला गरी महालेखापरिक्षकको कार्यलयवाट समपरिक्षण गरेको भन्ने मात्र आधारमा पहिले नै पूर्ण रुपमा अपराध गरी सकेको कसुरमा सफाई दिदै जाने हो भने यस्तो गम्भीर कसुर अपराधमा स्वेतपोसधारी अन्य अभियुक्तहरुलाई अवका दिनमा कसुर गर्न प्रश्रय, हौसला मिल्ने अवस्था स्पष्ट देखिएको। सम्मानित अदालतको फैसलावाट यस्तो अवस्था सृजना हुनु आफैमा न्याय पूर्ण कार्य होइन ।<br>ड) प्रतिवादीहरु बलभद्रप्रसाद दास, अरविन्दकुमार सिन्हा, नरेन्द्रकुमार थापालाई कसुर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कायम गरी सजाय हुने ठहर गरे पश्चात आरोपदावी वमोजिमको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ वमोजिमको कसुर अपराध अन्तरगत समेत थप सजाय गर्नु पर्नेमा सो सम्वन्धमा प्रस्तुत फैसलामा केही बोलेको नवोली फैसला भएको अवस्था देखिएको हुँदा उक्त फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ को कानूनी व्यवस्थाको व्याख्यात्मक त्रुटीपूर्ण भई बदरभागी रहेको।<br>ढ) फैसलाको प्रकरण नं.११४ मा विश्लेषण गरेको सम्वन्धमा हेर्दा; महालेखा परिक्षकको कार्यालयवाट High End Colour Doppler System खरिद सम्बन्धमा महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा सि.नं. ५२.३ मा नियमसंमत नदेखिएको भनी रु.१८,३४,७३०।– उल्लेख भएकोमा आयोगको अनुसन्धानवाट रु.१८,४६,४५२।— विगो कायम भएको। Operation Table को हकमा नियमसंमत नदेखिएको भनी सि.नं. ५३.१ मा रु.४२,४८,२२७।– उल्लेख भएकोमा आयोगको अनुसन्धानवाट विगो रु.४३,८०,४५४।— विगो कायम भएको। Fetal Moniter Doppler and Newborn Warmer खरिदका सम्बन्धमा नियमसंगत नदेखिएको भनी रु.४५,६०,०४६।– उल्लेख भएकोमा आयोगको अनुसन्धानवाट रु.३८,३०,९५३।— विगो कायम भएको। त्यसैगरी Electric Operation and Maintenance का सम्बन्धमा नियमसम्मत नदेखिएको भनी रु.६,९४,७७६।- उल्लेख भएकोमा आयोगको अनुसन्धानवाट रु.१४०,४८,८००।—विगो कायम भएको। Diagnostic Kits and Regents (VIDAS) खरिद सम्बन्धमा वढी व्ययभार पारेको भनी रु.२५,२२,१३९।५३ औंल्याइएकोमा आयोगको अनुसन्धानवाट रु.७,८७,३१७।७१ विगो कायम भएको। Diagnostic Kits and Regents (Accent २००) का सम्बन्धमा प्रतिष्ठानलाई वढी व्ययभार पारेको भनी रु.२१,९७,४८०।- औंल्याइएकोमा आयोगको अनुसन्धानवाट रु.२४,६७,४८०।— विगो कायम भएको।त्यसैगरी ग्लोवस खरिदका सम्बन्धमा क्रमशः रु.५४,२२,५००।– र ६५,०२,२५०।– महालेखा परीक्षकको कार्यालयले औंल्याइएको देखिएको अवस्थामा आयोगको अनुसन्धानवाट जम्मा रु.६०,३६,३४३।— विगो कायम भएको।महालेखा परिक्षकको कार्यालयले औंल्याएको कैफियतको समपरिक्षणलाई भ्रष्टाचारजन्य कार्यको विगो दाखिला गरेको भनी अनुमान गर्ने सक्ने अवस्था नभएको । महालेखा परिक्षकको कार्यालयवाट औंख्याएको विषयलाई बेरुजुको फर्छ्यौटको रुपमा लिनु पर्ने अवस्था देखिन्छ भने भ्रष्टाचारलाई फौजदारी दायित्व अन्तर्गत अदालतले ग्रहण गर्नु पर्ने अवस्था रहेको।यसै सन्दर्भमा वादी नेपाल सरकार विरुद्ध विलिराम दास कथवनिया समेत भएको भ्रष्टाचार मुँद्दामा "भ्रष्टाचार हुनु र बेरूजु हुनु फरक-फरक विषय हुन् । भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाइद्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्ट रूपमा देखिनु पर्ने । बेरूजुको हकमा बिल भरपाइद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्नेसम्मको दायित्व हुने"।(नि.न.१०२०८ ने.का.प २०७६ अंक ३ पूर्ण ईजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको अवस्थामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सोको प्रतिकुल हुने गरी महालेखा परीक्षकको कार्यालयको समपरीक्षण गरेको आधारमा भ्रष्टाचार मुद्दामा प्रतिवादीहरुलाई विगो कायम नगरी सजाय सम्म हुने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ण) यसै सन्दर्भ प्रदीप कुमार नकर्मी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा "कुनै कसुर गरेको कारण कानूनमै देवानी र फौजदारी दुवै दायित्व बहन गर्नु पर्ने भनी उल्लेख भएको अवस्थामा केवल देवानी दायित्व पुरा गरेका कारणले मात्र फौजदारी दायित्वबाट उन्मुक्ति पाउने भनी अर्थ गर्न नमिल्ने। फौजदारी कसुरमा कसुरदारले बहन गर्नुपर्ने देवानी र फौजदारी दायित्वहरू फरक फरक दायित्वहरू हुन्। कानूनी व्यवस्थाले नै देवानी र फौजदारी दुवै दायित्वहरू बाध्यकारी हुने भनी उल्लेख गरेको अवस्थामा ऐच्छिक रूपमा देवानी वा फौजदारी दायित्वमध्ये कुनै एक दायित्व मात्र बहन गर्दा पर्याप्त हुने भनी व्याख्या गर्न नमिल्ने । कसुर गरेको समयमा कसुरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ । कसुर गरेको भनी लगाइएको अभियोग दाबी प्रमाणबाट समर्थित भइसकेपछि तिर्नुपर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानि नोक्सानी भएको बिगोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरूबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने"। (ने.का.प २०७७ अंक १ नि.न.१०४१५) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी केही विगोको हकमा महालेखापरिक्षकको कार्यालयवाट समपरीक्षण भएको आधारमा प्रतिवादीहरुलाई विगो कायम नगरी कसुर ठहर गरी अभियोग दावी आंशिक मात्र ठहर हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>त) यसै सन्दर्भमा सार्जन पाण्डे वि. नेपाल सरकार भएको मुद्दामा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहारबाट देखिने हुन्छ" "कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ ।" (स.अ.बु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९) भनी सर्वोच्च अदालतवाट फैसला भएकोले उक्त फैसालाको प्रतिकूल हुने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>थ) शिक्षक मथुरा ढकालसमेत विरुद्ध नेपाल सरकार भएको मुद्दामा "भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" (नि.न.१०१४२, भाग ६०, अंक ११)भनी सर्वोच्च अदालतवाट फैसला भएकोले उक्त फैसालाको प्रतिकूल हुने गरी विशेष अदालत काठमाडौको प्रस्तुत फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>द) त्यस्तै पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा "घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मूल्यमा प्रश्न उठाउन नमिल्ने ।" ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा केवल प्रतिवादीहरुले सजायवाट बच्न कसुरमा इन्कारी वयान गरेको आधारमा प्रतिवादीहरुलाई विगो कायम नगरी कसुर ठहर गरी अभियोग दावी आंशिक मात्र ठहर हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। |